# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २१ गते ०८ साल

## भाग १०

## रक्षामंत्रालयको विज्ञप्ति

श्री ५ महाराजाधिराज र श्रीमाननीय प्रधान मंत्रीजीहरुको चलिआएको सलामीमा निम्नलिखित संशोधन भएको छ।

## श्री ५ महाराजाधिराजको सलामी

श्रीमान् गम्भीर नेपाली प्रचण्डप्रतापी भूमिपति।
श्री पाँचसरकार महाराजाधिराजको सदा रहोस् उन्नति।
राखून् चिरायु ईशले प्रजा फैलियोस् पुकारौं जय प्रेमले।
हामी नेपाली भाइ साराले।
वैरी सारा हराउन् शान्त होउन् सबै विघ्न व्यथा।
गाउन् सारा दुनीयाँले सहर्ष नाथको सुकीर्तिकथा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९२४

राखौं कमान भारी वीरताले नेपाल माथि सधैं नाथको ।
श्रीहोस् ठूलो हाम्री नेपालीको ।

## श्रीमाननीय प्रधानमंत्रीजीको सलामी

हिमशैल——मण्डित सुहिन्दुताश्रित ।
अधिदेवता – पशुपति – प्रसादित ।
नयपाल – प्रजातन्त्र – सरकारको ।
जय होस्, निरामय चिरायु भै रहोस् ।
रिपु नष्ट हून् अटल शासना रहोस् ।
गुणगानमग्न सबलोक भैरहोस् ।
स्थिर भैरहोस् मुलुकमा स्वतन्त्रता ।
सुख शान्ति उन्नति रहोस् जतातता ।

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

२००८

१५४-B

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।